कार्यालय प्रयोजनको लागि मात्र

# पोतेको सामान बनाउने तालिमको पाठ्यक्रम



घरेलु तथा साना उद्योग विभाग
त्रिपुरेश्वर, काठमाण्डौं
२०७०।७१

## कृतज्ञता

यस पाठ्यक्रम विकास कार्यमा सघाउ पुऱ्याउने यस कन्सलटेन्सीका सम्पूर्ण विशेषज्ञहरु तथा घरेलु तथा साना उद्योग विभागका तर्फबाट उपस्थित विषय विज्ञ सहितको पाठ्यक्रम विकास तथा परिमार्जन कमिटि जसले यस कन्सलटेन्सीद्धारा तयार गरिएको पोतेको सामान बनाउने तालिम विषयको पाठ्यक्रमलाई मूल्यांकन गरिदिनु भएकोमा कृतज्ञता ज्ञापन गर्दछौं ।

म्याट्रिक्स मेनेजरियल एण्ड टेक्नीकल कन्सल्टेन्सी
ववरमहल, काठमाडौं

# दुई शब्द

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग अन्तरगतका घरेलु तथा साना उद्योग कार्यालयहरुले देशमा विद्यमान बेरोजगारी र अर्ध बेरोजगारीको समस्या समाधान गर्नमा सघाउ पुऱ्याउने उद्देश्य राखी जिल्ला स्तरमा सीप विकास तालिम संचालन गर्ने तथा जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयहरु मार्फत तालिम तथा सहभागितामूलक सीप विकास तालिम संचालन, प्रशिक्षक सेवा, पाठ्यक्रम विकास जस्ता कार्यहरु गर्दै आएको छ ।

आर्थिक वर्ष २०६६/६७ देखि घरेलु तथा साना उद्योग कार्यालयहरुले गर्ने कार्यहरुमा समेत परिवर्तन आई तालिम तथा सहजीकरणको माध्यमले रोजगारी तथा स्वरोजगारी र उद्यमी सिर्जना गर्ने गरी बजेट तथा कार्यक्रम अनुसारका कार्यक्रमहरु जिल्लाहरुमा सञ्चालन भएको परिप्रेक्ष्यमा यस पोतेको सामान बनाउने सम्बन्धी विषयको पाठ्यक्रमले समय सापेक्ष व्यवहारिक ज्ञान दिलाउन सहयोग पुऱ्याउने र सीप विकास तालिममा केन्द्र देखि जिल्लासम्म तथा निजी क्षेत्रका प्रशिक्षण कार्यमा समेत सहयोग गर्ने छ भन्ने पूर्ण आशा एवम् विश्वास राखेको छु ।

**श्री बेगेन्द्रराज शर्मा पौड्याल**
**महानिर्देशक**
**घरेलु तथा साना उद्योग विभाग**
**त्रिपुरेश्वर, काठमाण्डौं**

## विषय सूची


| | | |
|---|---|---|
| १. | उद्देश्य | vii |
| २. | पाठ्यक्रमको वर्णन | vii |
| ३. | पाठ्यक्रमको बनावट | vii |
| ४. | तालीममा प्रवेशको लागि आवश्यक योग्यता | vii |
| ५. | तालीम अवधी | vii |
| ६. | प्रमाण पत्र प्राप्त गर्ने आवश्यक आधारहरु | vii |
| ७. | प्रशिक्षकको योग्यता | viii |
| ८. | प्रशिक्षक प्रशिक्षार्थी अनुपात | viii |
| ९. | आवश्यक औजार तथा उपकरणहरु | viii |
| १०. | पाठ्यवस्तु | १-१३ |
| अनुसूची | | |
| २ | आन्तरीक निरन्तर मूल्याङ्कन फाराम | १४ |

**पाठचक्रम प्रयोगका सम्बन्धमा प्रशिक्षकहरुलाई सल्लाह :**

यो पाठ्यक्रमको प्रयोग मुख्य रुपमा सीप विकास सम्बन्धी दक्षतामा आधारित छ । यस पाठ्यक्रमको निर्माण गर्दा दक्षतामा आधारित देहायका सिद्धान्तहरुलाई ध्यान दिइएको छ :-

- पर्याप्त समय र गुणस्तरीय प्रशिक्षण दिन सकेमा प्रायः सबैले निपूर्णताको स्तरमा कुनै पनि सीप सिक्न सक्दछन् ।
- प्रशिक्षार्थीले प्रशिक्षकको नभै आफ्नो गति, शैली र रुची अनुसार सिक्ने अवसर पाउनु पर्दछ ।
- एउटा सिकाइ कार्यमा निपूर्णता प्राप्त भएपछि मात्र अर्को कार्य सिकाउनु पर्दछ ।
- स्वीकृत स्तरलाई आधार मानी प्रशिक्षार्थीहरुको मूल्यांकन गरिनुपर्दछ ।
- उद्देश्य हासिल हुनु नै अन्तिम कार्य सम्पादन सूचक मानी सम्पूर्ण प्रशिक्षण कार्यलाई महत्व दिइनु पर्दछ ।
- प्रशिक्षकले सिकाइको भिन्नतामा बढी र प्रशिक्षार्थीको भिन्नतामा कम ध्यान दिइनु पर्दछ ।

**सीप विकास तालिमका प्रशिक्षार्थीहरुको सफलताको लागि आवश्यक प्रमुख प्रशिक्षण र सिकाईका सिद्धान्तहरु:**

१. प्रदर्शन सामुहिक प्रशिक्षणको र कोचिङ्ग व्यक्तिगत प्रशिक्षाथी प्रारम्भिक विधि हो ।
२. धेरै जसो सैद्धान्तिक विषय छोटो, योजनावद्ध र समयानुकूल हुने गरि सिकाइन्छ ।
३. शिक्षण कार्य योजना अध्यापन गर्नु भन्दा पहिले नै तयार गर्नु पर्दछ ।
४. आवश्यकता भए अनुसार दृश्य शैक्षिक सामग्रीहरु प्रयोग गर्नु पर्दछ ।
५. पाठ योजना सैद्धान्तिक विषय र प्रयोगात्मक विषय दुबैमा तयार पार्नु पर्दछ ।
६. पाठ्चांशमा शुरूमा नै प्रशिक्षार्थी मूल्याङ्कन योजना प्रशिक्षार्थी समक्ष प्रस्तुत गर्नुपर्छ ।
७. नकारात्मक प्रविधि जस्तै पक्षपात, आक्षेप (निन्दापूर्ण कुरा) इत्यादिलाई हटाउनु पर्छ ।
८. प्रशिक्षकले राम्रो भावना र सुरक्षा जगाउनुको साथै सीप ज्ञान प्रदान गर्नुपर्छ ।
९. शिक्षण वातावरणले प्रशिक्षार्थीहश्रलाई शिक्षण सिकाई कार्यमा चाख लिएर भागलिने तर्फ उत्सुक बनाउनु पर्छ । यो नै प्रशिक्षकहरुको मुख्य ध्येय हुनुपर्छ ।
१०. तालिम अववधिभर प्रशिक्षार्थीलाई तालिम प्रति रूचि तथा आदर जगाउनु पर्छ ।

**यस पाठ्यक्रमको प्रयोग गर्दा प्रशिक्षकहरुले देहायका कुराहरुमा ध्यान दिनु पर्दछः-**

१. पाठचक्रमसंग सम्बन्धित शब्दावलीको स्थानीय परिवेश अनुकुलको अर्थको राम्रोसंग अध्ययन गर्ने र पाठचक्रमको मूल उद्देश्य र कार्यहरुको सूची अध्ययन गर्ने ।

२. तालिमको पहिलो दिनमा प्रशिक्षार्थीहरुलाई कार्यहरुको सूची उपलब्ध गराउने र मूल्यांकन प्रक्रियाबारे व्याख्या गर्ने। यस सम्बन्धमा प्रशिक्षार्थीहरुको कुनै प्रश्न भए उत्तरसमेत दिने ।

३. प्रत्येक पाठ पढाउँदा पाठचक्रम हेरी देहायका विषयलाई अनिवार्य रुपमा समावेश गरी हरेक कार्यको योजना बनाउने अन्तिम कार्य सम्पादन सूचकको उद्देश्य, कार्यहरु, सम्बन्धित ज्ञान ।

४. सामान्यतया प्रशिक्षण कार्यसञ्चालन गर्दा देहाय अनुसार समय निर्धारण प्रक्रिया अपनाउँदा सिकाइ प्रभावकारी हुन सक्दछ । तर परिस्थिति, प्रशिक्षकहरुको ज्ञानको स्तर, समूहको एकरुपता तथा विषमता जस्ता आधारमा यसमा लचकता अपनाउन भने सकिन्छ ।

| व्याख्या | प्रशिक्षकद्वारा प्रदर्शन | प्रशिक्षार्थीद्वारा अनुसरण | मूल्यांकन |
| --- | --- | --- | --- |
| १५% | २५% | ४०% | २०% |

**क. व्याख्या**
सर्वप्रथम पाठको परिचय दिने र अन्य भन्नै पर्ने सैद्धान्तिक कुराहरुको व्याख्या गर्ने । यस कार्यमा बढीमा कक्षा समयको १५% समय दिने । उदाहरणको लागि १ घण्टाको कक्षा समय भएमा यसमा बढीमा ९ मिनेटको समय दिने ।

**ख. प्रदर्शन**
यो चरणमा पाठको विकास गर्ने । यसमा सुरक्षा, संरक्षणका कुराहरु बताउने, व्याख्या गर्ने, कार्य गर्ने तरिका देखाउने । पुनः व्याख्या गर्ने । पुनः प्रदर्शन गर्ने । यसमा कक्षा समयको बढीमा २५% समय दिने । उदाहरणको लागि १ घण्टाको कक्षा समय भएमा १५ मिनेटको समय दिने ।

**ग. प्रशिक्षार्थीहरुद्वारा अनुकरण**
यो प्रशिक्षार्थीले सिकेका कुरा ग्रहण गर्ने चरण हो । यसमा प्रशिक्षार्थीहरुलाई प्रशिक्षकले गरेका कुराहरु अनुकरण गर्न दिनु पर्दछ । प्रशिक्षार्थीले गरेका कुराहरु राम्रोसंग हेरी उसलाई पृष्ठपोषण दिने र नमिलेको ठाउँमा सच्याउने । निपूर्णताको स्तरमा पुग्नका लागि महत्वपूर्ण हुने मुख्य खुड्किलाहरु दोहोर्‍याएर गर्न लगाउने । यस कार्यमा कक्षा समयको ४०% समय दिने । उदाहरणको लागि १ घण्टाको कक्षा समय भएमा २४ मिनेट समय दिने ।

**घ. मूल्यांकन**
यो प्रशिक्षार्थीले पाठ्यक्रमको उद्देश्य अनुसार सफलता प्राप्त गरे नगरेको मापन गर्ने चरण हो । मापदण्डसंग आधारित जाँचद्वारा प्रशिक्षार्थीको मूल्यांकन गर्ने । हरेक पाठको कार्य प्रशिक्षण गरेपछि जाँचक सूची (Chek List) वा स्तरमापक (Rating Scale) बाट मूल्यांकन गर्ने । एक प्रशिक्षार्थीलाई जाँचक सूची दिएर अर्को प्रशिक्षार्थीले कार्यको मूल्यांकन एक आपसमा गर्न लगाउन सकिन्छ ।

५. प्रशिक्षार्थीले तोकेकोस्तरमा नपुगेसम्म कार्यहरु दोहोर्‍याउने मौका दिने ।
६. प्रशिक्षण कार्यक्रममा सामेल हुनुभन्दा अगाडि नै सिकिसकेको कार्यको परीक्षा लिएर मात्र अर्को कार्य सिक्ने अवसर दिने ।

# पोतेको सामान बनाउने तालिमको पाठ्यक्रम

**१. उद्देश्यः**

गहनाको प्रयोग आधुनिक समयमा व्यापक हुदैं गइरहेको छ । गहनाको प्रयोग कामकाजी वा घरेलु महिला सबैको लागि महत्वपूर्ण रहेको छ । विभिन्न प्रयोजनमा विभिन्न किसिमका गहनाहरुको प्रयोग गरिन्छ त्यसमा हाल आएर पोतेको गहनाको प्रयोग बढेको छ । यसको बजार माग दिन प्रति दिन बढि रहेको छ ॥ यसको टिकाउपन र भिन्न प्रयोगको कारण हरेक पेशाका महिलाहरु धेरैले रुचाउँछन् । यी वस्तुहरु बनाउने सीप दिएर युवा वर्गहरुलाई आय मुलक कार्यमा संलग्न गराउने उद्देश्यले यो पाठ्यक्रम तयार गरिएको छ । बिभिन्न क्षेत्रमा दैनिक व्यवहारमा प्रयोग गरिने बिभिन्न सामानहरु सरल तरिकाबाट उत्पादन गरि दरिलो आयआर्जनको स्रोत श्रृजना गर्न यो पाठ्यक्रमले सहयोग पुऱ्याउछ ।

**२. पाठ्यक्रमको वर्णनः**

मुख्य कच्चा पदार्थ पोते सहित सहित अन्य कच्चा पदार्थहरु ुहरुको प्रयोग गरि दैनिक व्यवहारको लागि आवश्यक गहनाहरु बनाउने सीप र ज्ञान तालिम अवधिभर दिईने छ । प्रशिक्षार्थीहरुलाई आवश्यक कच्चा पदार्थ, औजारहरु उपलब्ध गराईने छ । शैद्धान्तिक र प्रयोगात्मक विधिद्वरा प्रशिक्षण दिईने छ ।

**३. पाठ्यक्रमको बनावटः**

सम्पर्ण प्रशिक्षर्थीहरुलाई तालिम अवधिभर निम्न पाठ्य वस्तुहरु अन्तर्गत आवश्यक सीप र ज्ञान प्रदान गरिने छ ।

| क्र.सं. | पाठ्यवस्तुहरु | प्रशिक्षण विधि | प्रशिक्षण समय |
|---|---|---|---|
| १. | पोतेको साधारण माला तयार गर्ने | शैद्धान्तिक र प्रयोगात्मक | २ दिन |
| २. | पोतेको चुरा तयार गर्ने | ,, | ३ दिन |
| ३. | पोतेको मंगलसुत्र तयार गर्ने | ,, | ४ दिन |
| ४. | पोतेको औठी तयार गर्ने | ,, | ३ दिन |
| ५ | पोतेको झुम्का तयार गर्ने | ,, | ३ दिन |
| | | | जम्मा १५ दिन |

**४.तालिममा प्रवेशको लागि आवश्यक योग्यताः**

यस तालिममा सहभागि हुन साधारण लेखपढ् गर्न सक्ने र आधारभूत अंक गणितको ज्ञान हासिल गरेको तथा सियो चलाउने आधारभूत ज्ञान भएको हुनु पर्दछ ।
सहभागीको उमेर १६ देखि ४५ बर्षको हुनु पर्नेछ ।

**५.तालिम अवधिः**
१ १५ दिन जम्मा ७५ घण्टा

**६. प्रमाण-पत्र प्राप्त गर्ने आवश्यक आधारहरुः**

तालिम पश्चात घरेलु तथा साना उद्योग विभागबाट निम्न मापदण्ड अनुसार तालिम पुरा गर्ने प्रशिक्षार्थीहरुलाई तालिम पुरा गरेको प्रमाण-पत्र दिईनेछ ।
क) पूरा तालिम अवधिमा न्यूनतम ९० प्रतिशत प्रशिक्षार्थीहरु सहभागि भएको र
ख) तालिम अबधिमा लिईएको परीक्षाहरुमा सफल भएको ।

**७. प्रशिक्षकको योग्यता :-**

यो पाठ्यक्रम अनुसार तालिम सञ्चालन गर्न देहायअनुसारको योग्यता भएका १ जना प्रमुख प्रशिक्षक र १ जना सहायक प्रशिक्षकको आवश्यकता पर्दछः-

**क. प्रमुख प्रशिक्षकको लागि हुनुपर्ने योग्यता :**
१० कक्षा उतिर्ण गरि सम्बन्धीत विषयमा तालिम प्राप्त वा सो नभएमा सम्बन्धीत विषयमा तालिम प्राप्त गरि कम्तीमा १ वर्षको अनुभव प्राप्त गरेको ।
**ख. सहायक प्रशिक्षकको लागि हुनुपर्ने योग्यता :**
५ कक्षा उतिर्ण गरि सम्बन्धीत विषयमा तालिम प्राप्त वा सो नभएमा सम्बन्धीत विषयमा तालिम प्राप्त गरि कम्तीमा ६ महिनाको अनुभव प्राप्त गरेको ।

**८. प्रशिक्षक प्रशिक्षार्थी अनुपात :- १:१० न्यूनतम**

आवश्यक औजार तथा उपकरणहरु (कति जना प्रशिक्षार्थीहरुको लागि)

**१०. आवश्यक कच्चापदार्थः**

आवश्यक औजार तथा उपकरणहरु (कति जना प्रशिक्षार्थीहरुको लागि)

क्र.सं. विवरण

१. विभिन्न किसिमका रंग, आकार र नापको गोलो पोतेहरु
२ लुगा सिउने अथवा नाईलनको धागो, (पोतेको रंग अनुसार मिल्ने)
३. ११,१२,१३ नं.को आते सियो
४. इन्ची टेप
५. धागो काट्ने सानो कैची
६. मेटलका चूराहरु -पुरानो नयाँ
७. मोतीका दाना
८. झुम्काको हुक
९. पोतेका सामानका डिजाइनहरु
१०. प्याकिड.को लागी प्लाष्टिकको थैलो

११. पाठ्यवस्तु-पोतेको सामान बनाउने सम्बन्धी पाठ्य बस्तुहरु :- १५ दिने पाठ्यक्रम

## २.पाठ्यवस्तुः पोतेको साधारण माला तैयार गर्नेः

| पाठ्यवस्तु | कार्य चरणहरु | आवश्यक सम्बन्घित ज्ञान | प्रशिक्षण विधि | समयावधि |
|---|---|---|---|---|
| १.साधारण पोतेको मालाको डिजाइन निश्चित गर्ने । | -कुन रंग,कुन साइजको पोते प्रयोग गर्ने सोको छनौट गर्ने । | -डिजाइनलाई मिल्ने गरी पोते तथा रंगको छनौट गर्ने । | शैधिन्तिक र प्रयोगात्मक | |
| २.साधारण मालाकालागी चाहिने सामाग्रीहरु तयार गर्ने । | -जुन रंगको पोते उन्ने हो त्यसको छनौट गर्ने ।<br>-पोतेको रंग अनुसारको लुगा सिउने धागो वा नाइलनको धागोको प्रयोग गर्ने ।<br>-पोतेलाई छुट्टा छुट्टै भाडामा प्रयोग गर्ने र मिलाएर राख्ने । | -एकै साइजको पोतेको छनौट गर्ने तरीका ।<br>-धागो एक सरो वा दूई सरो राख्ने छुटट्याउनु पर्ने ।<br>-पोतेलाई नपोखिने तथा प्रयोग गर्न सजिलो हुने गरी राख्ने तरीका । | | |
| ३.पोतेको माला उन्न शुरु गर्ने । | -१२ नं.को सियोमा धागो पसाउने र गाँठो वनाउने ।<br>-डिजाइन अनुसार पोते उन्न शुरु गर्ने ।<br>-दुइवटा १२ नं.को सियोमा छुट्टा छुट्टै धागो राख्ने ।<br>-दुइवटै सियो धागोमा ४,४ वटा पोते उन्ने । त्यसपछि २ वटा पोते लिने र त्यस्मा छिराउने<br>-पुन दुइवटा सियोमा छुट्टाछुट्टै४,वटा पोते उन्ने ।<br>-फेरि दुइवटा पोते लिएर सियोमा एक-एक वटा पोते छिराउने ।<br>-यो क्रम दोहराउँदै आवश्शयकता अनुसार नाप मिल्ने गरी उन्ने ।<br>-साधारणतया ८५ देखि ९०से.मी.को लम्बाई तयार गर्ने ।<br>-एउटै रंगको पोते प्रयोग गरी तयार गर्ने हो वा रंग समिश्रण (color combination) गर्ने विषय डिजाइन अनुसार निश्चित गर्नु सकिन्छ । | -मालाको लम्बाई अनुसारको धागोको प्रयोग गर्ने तरीका ।<br>-डिजाइन संग मिल्ने गरी पोते उनने ज्ञान ।<br>-ईच्छा अनुसार पोते घटबढ गर्ने तरीका । | | |
| ४.लक गर्ने । | -पोते उनी सके पछि सियो धागेलाई उहिले उनेको पोतेको ५ वटा पोतेमा पसाउने र लक गर्ने । | -लक गर्दा खुकुलो नहुने तथा गाँठो नदेखिने गरी लक गर्ने तरीका । | | |

३ पाठ्यवस्तु : पोतेको चुराको तयार गर्ने

| पाठ्यवस्तु | कार्य चरणहरु | आवश्यक सम्वन्धि ज्ञान | प्रशिक्षणविधि | समयावधि |
|---|---|---|---|---|
| १.पोतेको चुराको डिजाइन निश्चित गर्ने । | -कुन रंगको पोते प्रयोग गर्ने हो सोको छनोट गर्ने । | -डिजाइनलाई मिल्ने गरी पोतेको साइज छनौट गर्ने तरीका । | शैधिन्तिक र प्रयोगात्मक | |
| २.बुट्टाको डिजाइन तयार गर्ने । | -साइज अनुसारको मेटलको चुराको छनौट गर्ने । | -चुरा छान्दा कम बुटट्‌ा भएको लिनु पर्ने जानकारी । | शैधिन्तिक र प्रयोगात्मक | |
| ३.मेटलको चुरामा टेपले वेर्ने | -चुरा जस्तो रंगको बनाउने हो जुन रंगको पोते प्रयोग गरिने हो सोहि रंग अनुसारको टेप लिने ।<br>-टेपको चौडाई ठूलो हुने भएकोले वीचमा कैची-ले काट्ने ।<br>-मेटलको चुरामा विस्तारै वाँया हातले तल लग्दै राम्रो संग वेर्ने । | -चुरामा टेप सुल्टोबाट तान्दै बेर्ने तरीका ।<br>-कस्तो तरीकाले कैची चलाउने भन्ने ज्ञान ।<br>-बुढी औलाले र चोर औलाले थिच्दै वेर्ने जानकारी । | शैधिन्तिक र प्रयोगात्मक | |
| ४.धागो छान्ने । | -पोते संग मिल्ने रंगको धागोको छनौट गर्ने । | -लुगा सिउने धागो वा नाईलनको धागोको छनौट गर्ने तरीका । | | |
| ५ पोतेको छनौट गर्ने । | -जस्तो रंगको चुरा वनाउने हो उस्तै रंगको पोते लिने । | -पोते कुन प्रकारका लिने तरीका । | शैधिन्तिक र प्रयोगात्मक | |
| ६.चुरा तयार गर्ने । | -१२नं.को सियोमा दुईसरो धागो राखेर गाँठो पार्ने ।<br>-टेप लागाएको चुरामा गाँठो पारेको धागो पसा-उने र ड्वल धागोको वीचमा सियो पसाएर माथि निकाल्ने ।<br>-चुराको साइज अनुसार ८,९ वटा अथवा सो भन्दा घटी बढी मिलाएर चुराको मोटाइ अनुसार पोते उन्ने र चुरामा घुमाउने घुमाउँदा अलि राम्रो संग तानेर घुमाउने तकि पोते खुकुलो नहोस ।)<br>-९वटा पोतेलाई चुरामा घुमाइ सकेपछि सवैभन्दा पछाडिको पोतेमा सियो पसाउ कसेर तान्ने ।<br>-फेरी ९ वटा पोते पसाउने चुरामा घुमाउने,<br>-सवैभन्दा पछिको पोतेमा फेरी सियो पसाउने,<br>-यस्तै तरीकाले चुरामा पुरै घुमाउदै जाने ।<br>-यदि २ रंगको वनाउनु छ भने १० पटक एक रंगको र एक पटक अर्को रंगको पोते घुकाउने, (बुटट्‌ा अनुसार फेरबदल गर्न सकिन्छ ।)<br>-पुरै चुरामा पोते भरीसके पछि अन्तिममा उनि सकेको पोतेमा फेरी विस्तारै सियो पसाउदै लाने ।<br>-एक राउण्ड पसाई सके पछि सियोमा धागोलाई २ वा ३ पल्ट घुमाई तान्ने, लक भए पछि धागो चुडाउने । | -धागो एक सरो वा दुई सरो राख्ने वारे छुटट्‌ाउने ज्ञान ।<br>-पोते घुमाउँदा राम्रो संग तानेर पोते खुकुलो नहुने गरी घुमाउने तरीका ।<br>-पोते राम्रो संग कसेर राख्ने तरीका तथा खुकुलो नहुने गरी राख्ने तरीका ।<br>-ईच्छा तथा डिजाइन अनुसार विभिन्न रंगको पोते प्रयोग गर्ने ज्ञान ।<br>-धागो गाँठो नदेखिने गरी लक गर्ने तरीका । | | |

४ पाठ्यवस्तु : मंगलसुत्र तयार गर्ने-

| पाठ्यवस्तु | कार्य चरणहरु | आवश्यक सम्वन्धित ज्ञान | प्रशिक्षणविधि | समयावधि |
|---|---|---|---|---|
| १.पोतेको डिजाइन निश्चित गर्ने । | -कस्तो मंगलसुत्र तयार गर्ने हो सो को डिजाइन निश्चित गर्ने । | -डिजाइन संकलन गर्ने ज्ञान । | शैधिन्तिक र प्रयोगात्मक | |
| २.मंगलसुत्र तयार गर्नको लागी सामग्रीहरु तयार गर्ने । | -कालो र सुनौलो रंगको पोतेको छनौट गर्ने । | -एकै नासको पोते छान्ने तरीका । | | |
| | -कालो रंगको पोते धेरै हुने भएकोले कालो रंगको लुगा सिउने वा नाईलनको धागो प्रयोग गर्ने । | -धागो एक सरो वा दुई सरो राख्ने वारे छुटट्याउने ज्ञान । | | |
| | -दुवै रंगको पोतेलाई नमिसाई अलग अलग भाडामा प्रयोग गर्ने । | -पोतेलाई नपोखिने र प्रयोग गर्न सजिलो हुने गरी राख्ने तरीका । | | |
| | -१२ नं.को सियोको प्रयोग गर्ने । सियोमा धागो पसाउने र गाँठो वनाउने । | -धागो ठिक्कको लामो राख्ने तरीका को ज्ञान । | | |
| २. मंगलसुत्र तयार गर्ने । | -पहिले कालो रंगको ५ वटा पोतेलाई उनेर सियो लाई पछिको पोतेमा पसाएर विस्तारै धागो तान्ने, २ वटा पोते टिपेर ५वटाको वीचमा वीचको पोते मा सियो पसाउने र धागो विस्तारै तान्ने । | -५ वटा पोते राख्दा वीचमा सुनौलो रंगको पोते तरीका । | | |
| | -फेरी ५ वटा पोते उनेर जुन ठाउँबाट धागो निस्केको छ त्यस्को ठीक संगैको पोतेमा सियो छिराउने । फेरी ३वटा पोते टिपेर ५ वटाको वीच पसाउने । | -संगैको पोतेमा सियो पसाउँदा दाँया बाट वाँया पसाउने तरीका | | |
| | -यस्तै तरीकाले १० पटक अथवा इच्छा अनुसार घट बढ गरेर उन्ने । | -डिजाइन अनुसारको वनाउने सम्वन्धि ज्ञान । | | |
| | -यस्तै गरी फेरी ३ वटा र ५ वटा पोते सुनौलो रंगको मात्र ५ पटक उन्ने । | -पोते उन्दा बुढी औला र चोर औलाले पोते राम्रो संग समाएर धागो तान्ने तरीका । | | |
| | -यस प्रकारले कालो, सुनौलो र सुनौलो मात्र गरेर ८५ से.मी. तथा ९०से.मी. सम्म उन्ने । | -ईन्च टेपको प्रयोगको ज्ञान । | | |
| ३.लक गर्ने । | -शुरुको र पछिको पोतेलाई जोडेर उनेको पोतेको संगैको पोतेमा सियो पसाएर राम्रोसंग धागो तानेर धागो काट्ने । | -वलियोको लागी धागो तान्दै लक गर्ने र काटने तरीका । | | |

५. पाठ्यवस्तु : पोतेको औठी तयार गर्ने:

| पाठ्यवस्तु | कार्य चरणहरु | आवश्यक सम्वन्धित ज्ञान | प्रशिक्षणविधि | समयावधि |
|---|---|---|---|---|
| १.औठीको डिजाइन निश्चित गर्ने | -कुन औलाको ,कस्तो डिजाइनको औठी वनाउने हो सो को डिजाइन निश्चित गर्ने । | -औलाको साइज र डिजाइनको वारेमा जानकारी । | शैधिन्तिक र प्रयोगात्मक | |
| २. औठी वनाउन आवश्यक सवै सामग्रीहरु तयार गर्ने । | -सर्वप्रथम जुन रंगको औठी वनाउने हो सो रंगको पोतेको छनौट गर्ने ।<br>-जस्तो रंगको पोते छ उस्तै रंगको लुगा सिउने वलियो धागो वा नाईलनको धागोको प्रयोग गर्ने ।<br>-एउटा सवैभन्दा सानो मोती लिने ।<br>-जुन रंगको औठी वनाउने हो त्यहि रंगको पोते लिने ।<br>-पोतेलाई भाँडो अथवा मलमल कपडामा राख्ने, धेरै रंगको छ भने छुटट्ा छुटटै भाँडामा राख्ने ।<br>-१२ नं.को सियाको प्रयोग गर्ने र सियोमा धागो पसाउने र गाँठो पार्ने । | -एकै नासको पोते छान्ने तरीका ।<br>-धागो वलियो र नमकिएको छान्ने तरीका ।<br>-मोतीको साईजको ज्ञान ।<br>-पोतेलाई नपोखिने र प्रयोग गर्न सजिलो हुने गरी राख्ने तरीका ।<br>-धागो ठिक्क्को लामो राख्ने तरीका । | शैधिन्तिक र प्रयोगात्मक | |
| २.औठी वनाउन शुरु गर्ने । | -सानो मोती लिने सियोमा धागो पसाएर गाँठो पार्ने<br>-सियो मोतीमा पसाएर धागोको गाँठोको वीचवाट सियो पसाएर लक गर्ने ।<br>-३ वटा पोते उन्ने मोतीमा वेर्नको लागी मोतीको प्वाँलमा पसाउने ।<br>-यसरी ८ पटक गर्दै मोतीमा पोते भर्ने ।<br>-फेरी ३ वटा पोते उनेर सवैभन्दा मुनिको संगैको पोतेमा सियो छिराउने । | -धागोको गााठोमा सफा र वलियो संग लक गर्ने तरीका ।<br>-मोती छोपिने गरी पोते घुमाउदै जाने ज्ञान ।<br>-आठ वटै पोतेमा सियो खुकुलो नहुने गरी राम्रो संग धागो तान्ने तरीका । | शैधिन्तिक र प्रयोगात्मक | |
| ३.माथिको फूल तयार गर्ने । | -सियोलाई ३ वटा पोतेको वीचको पोतेमा पठाउने, फेरी ३ वटा पोते टिपेर संगैको ३ वटा पोतेको वीचको पोतेमा सियो छिराउने ।<br>-यसरी नै आठै वटा पोतेमा गर्दै जाने ।<br>-सातौ पटकको पछि आठौमा सवैभन्दा पहिलेकै पोतेमा सियो छिराउने । | -विचको पोतेमा सियो दाँया र वाँया पसाउने तरीका ।<br>-खुकुलो नहुनको लागी सियो राम्रो संग पसाएर धागो तान्ने । | शैधिन्तिक र प्रयोगात्मक | |
| ४.फूलको लागी वेश तयार गर्ने । | -फूललाई वेश दिन मुनिवाट ३ वटा पोते राख्ने, पहिले फूल तयार गर्नेलाई जुन पोतेमा सियो धागो पसाएको हो उसैमा उन्ने । | | शैधिन्तिक र प्रयोगात्मक | |
| ५. त्यसैमा अर्को फूल तयार गर्ने । | यसरी आठ पटक गरीसके पछि सियो धागो लाई वेशको वटा पोतेको वीचको पोतेमा पसाउने । र ५ वटा पोते उनेर वेशको पोतेको वीच वीचमा पसाउदै जाने ।<br>यसरी ८ पटक गरीसके पछि दोश्रो फूल तयार हुन्छ । | -फूलको वेश दिदा औलाहरुको सहायताले मिलाएर लाने तरीका । | शैधिन्तिक र प्रयोगात्मक | |
| [illegible] | [illegible] | [illegible] | [illegible] | |

**पाठ्य वस्तु::     पोतेको झुम्का तयार गर्ने :**

| पाठ्य वस्तु | कार्य चरणहरु | आवश्यक सम्वन्धित ज्ञान | प्रशिक्षण विधि | समयावधि |
|---|---|---|---|---|
| १.-झुम्काको डिजाइन निश्चित गर्ने । | -कुन चाहि पोते प्रयोग गर्ने हो सोको छनौट गर्ने (गोलो, लाम्चो, सानो, ठूलो आदि) । | -डिजाइनलाई मिल्ने गरी पोतेको साइज छनौट गर्ने तरीका । | शैधिन्तिक र प्रयोगात्मक | |
| २.झुम्का तैयार गर्नको लागी चाहिने सामग्रीहरु तैयार गर्ने। | -सवैभन्दा पहिले जुन रंगको झुम्का तैयार गर्ने हो त्यहि रंगको पोते लिने ।<br>-जस्तो रंगको पोते छ उस्तै रंगको लुगा सिउने धागो वा नाइलनको धागो प्रयोग गर्ने ।<br>-प्रयोग गर्ने पोतेलाई छुट्टा छुट्टै भाडामा मिलाएर राख्ने । | -पोते लिदा एकनासको लिने तरीका ।<br>-धागो एकसरो वा दुई सरो राख्नु पर्ने वा छुटट्याउनु पर्ने ।<br>-पोतेलाई नपोखिने र प्रयोग गर्न सजिलो हुने गरी राख्ने तरीका । | शैधिन्तिक र प्रयोगात्मक | |
| ३.पोते उन्न शुरु गर्ने । | - १२ नं. को सियो लिने र धागो पसाउने र गाँठो बनाउने । | -घागो ठिक्कको राख्ने तरीका । | | |
| ४.झुम्काको हुक राख्ने ।<br>५ एक साइडको पोते उन्ने । | -पहिले २० वटा जति पोते उन्ने र पछि सजिलो कोलागी दुइटा पोतेमा गाँठो बनाउने ।<br>-अब एउठा पोते टिप्ने, धागो आइरहेको पोतेलाई छाडेर माथिको पोतेलाई टिप्ने ।<br>-यस्तै गरी क्रमिक रुपमा माथि सम्म गर्दै जाने र झुम्काको हुक राख्ने ।<br>-अब एउटा एउटा गर्दै पोते छाडदै तल आउने फेरि एउटा पोते छाडेर योग अर्को राख्दै जाने | -पोतेमा गाँठो वनाउने तरीका ।<br>-धागो आइरहेको पोतेमा सियो धागो दाँयाबाट वाँया पसाएर तान्ने तरिका ।<br>-झुम्काको हुक ठिक ठाउँमा राख्ने तरीका ।<br>-एउटा एउटा पोते कसरी छाड्दै जानु पर्ने तरीका । | | |
| ६.अर्को एक साइड पोते उन्ने । | -माथि पुगे पछि धागोलाई मुनि बाट माथि पठाएर तलको दुइटा पोतेमा सियो पसाउने ।<br>-फेरि एउटा पोते टिपेर संगै निस्केको पोतेमा सियो पसाउने ।<br>-फेरी एउटा पोते छाडेर एक एक वटा पोते टिप्दै जाने ।<br>-धागोलाई मुनिबाट माथि पठाएर दुइटा पोतेमा सियो पसाउने ।<br>-फेरी एक पटक त्यस्तै गरी उन्ने । | -धागोलाई मुनि पसाएर सियो धागो | | |

| | | | | |
|---|---|---|---|---|
| | -माथि पुगे पछि तलबाट सियो छिराएर धागो लक गरेर दुइटा पोतेमा छिराउने ।<br>-धागो अलि बढि बाँकी गरेर काटने ।<br>-यसरी एका पट्टिको भाग तयार हुन्छ । | निकाल्ने तरीका । | | |
| ७.तलको झुम्का राख्ने । | -शुरुमा जुन दुइटा पोतेमा गाँठो वनाएको हो त्यहि धागोलाई फुकाउने र बाँकि पोतेलाई निकालेर त्यस्मा अर्को धागो जोडने ।<br>-फेरी एउटा पोते टिप्ने । धागो आईरहेको पोते लाई छाडेर माथिको पोते टिप्ने ।<br>-यस्तै क्रमिक रुपमा माथि सम्म गर्दै जाने ।<br>-एउटा एउटा गर्दै पोते छाडदै तल आउने । फेरी एउटा पोते छाडदै अर्को राख्दै जाने । यो क्रम माथि सम्म गर्दै जाने । | -विस्तारै सजिलो संग गाँठो फुकाउने तरीका ।<br><br>-नाप अनुरुप क्रमिक रुपमा उन्दै जाने ज्ञान ।<br><br>-धागोलाई मुनिबाट माथि लग्दै संगैको पोते चिन्ने ज्ञान । | | |
| ८.लक गर्ने | -माथि पुगे पछि धागो लाई मुनिबाट माथि पठाएर दुइटा पोतेमा सियो पसाउने फेरी एउटा छाडेर अर्को पोते टिप्दै जाने ।<br>-तल पुगेपछि एउटा छाडदै एउटा टिप्दै जाने ।<br>-धागोलाई मुनिबाट माथि पठाएर दुइटा पोतेमा सियो छिराउने । फेरी एक पटक त्यस्तै गर्ने ।<br>-माथि पुगेपछि तलबाट सियो छिराएर धागो लक गर्ने ।<br>-दुवै भागको धागोलाई वाँध्ने र निस्किरहेको पोतेलाई टिप्दै जाने । | -लक गर्दा गाँठो नदेखिने गरी लक गर्ने तरीका ।<br><br>-दूई तर्फको धागो बाँध्दा गाँठो लुकाउने तरीका ।<br><br>-डिजाईन अनुसारको तलको झुम्का उन्ने तरीका । | | |
| | -झुम्काको लागी ईच्छा अनुसार १८ वा २०वटा जति पोते उन्ने । र त्यसैमा तीनवटा अर्को पोते उन्ने ।<br>-त्यसैलाई फेरी छाडेर धागो माथि पठाउने र संगैको पोतेमा धागो छिराएर पुनः १८ वा २० वटा जति पोते उनेर तल आउने र त्यस्मा ३ वटा पोते उन्ने । | -धागो विस्तारै विस्तारै कस्सेर धागो नदेखिने गरी तान्दै जाने तरीका ।<br>-लक गर्ने तरीकाको ज्ञान तथा लक पछि धागो गाँठो नदेखिने गरी चुडाउने तरीका । | | |

| | | | | |
|---|---|---|---|---|
| | -त्यसलाई फेरी छाडेर धागो माथि पठाउने ।<br>-यस्तै तरीकाले सवै पोतेमा गर्दै जाने ।<br>-सवै सकेपछि संगैको उनि सकेको ३,४ वटा पोतेमा सियो धागोमा पसाउने र लक गर्ने र धागो चुडाउने । | | | |